नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ६, संख्याः ७, पौष २९ गते, २०७९ साल

व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

# भाग १

## व्यास नगरपालिका सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७९

सभाबाट पारित मिति २०७९।९।२९

**प्रस्तावनाः** व्यास नगरपालिका भित्र सार्वजनिक यातायात सेवामा सर्वसाधारणको सहज र सुविधाजनक पहुँच सुनिश्चित गर्न, सार्वजनिक यातायातलाई प्रोत्साहन गरी लगानी अभिवृद्धि गर्न, सुरक्षित, भरपर्दो, सर्वसुलभ, गुणस्तरीय, विश्वसनीय, वातावरणमैत्री, उपभोक्तामुखी र सेवामुखी रुपमा सेवा सञ्चालन तथा व्यवस्थापन गर्न, यातायात क्षेत्रमा वातावरण अनुकूलको प्रविधिलाई प्राथमिकता दिन तथा समग्र यातायात व्यवस्थापन सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (४) (ट) र १०२ बमोजिम व्यास नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "व्यास नगरपालिका सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अनुगमन समिति" भन्नाले ऐनको दफा १६ बमोजिम गठित अनुगमन समिति सम्झनु पर्छ।

(ख) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले व्यास नगरपालिका सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७९ सम्झनु पर्छ।

(घ) "कार्यपालिका सदस्य" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएबमोजिम सम्झनु पर्छ ।

(च) "टिकट" भन्नाले सार्वजनिक यातायात सेवा प्रयोग गर्ने सेवाग्राहीलाई प्रदान गरिने टिकट सम्झनु पर्छ । यस शब्दले ई-टिकट, स्मार्ट कार्ड वा यस्तै प्रयोजनका लागि जारी हुने प्रविधिजन्य टिकट समेतलाई बुझाउने छ ।

(छ) "नगर सभा सदस्य" भन्नाले व्यास नगरपालिकाको नगर सभाको सदस्य सम्झनु पर्छ ।

(ज) "मापदण्ड" भन्नाले प्रचलित कानुन बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा व्यास नगरपालिकाले यातायात व्यवस्थापनसम्बन्धी विषयमा समयसमयमा गर्ने निर्णय वा तोकिने मापदण्ड सम्झनु पर्छ ।

(झ) "न्याय प्रशासक" भन्नाले व्यास नगरपालिकाको न्याय प्रशासक सम्झनु पर्छ ।

(ञ) "पार्किङ्ग स्थल" भन्नाले सवारी राख्न निर्धारण गरेको स्थललाई सम्झनु पर्छ ।

(ट) "प्रदूषण" भन्नाले सवारीबाट निस्कने ध्वनि तथा धुवाँको प्रदूषणलाई सम्झनु पर्छ ।

(ठ) "प्रदेश कानुन" भन्नाले प्रदेश सभा, प्रदेश नम्बर चारबाट जारी भएको यातायात व्यवस्थापन सम्वद्ध कानुन सम्झनु पर्छ ।

(ड) "प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ढ) "बस बिसौनी" भन्नाले यात्रु बाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारण गरिएको स्थल सम्झनु पर्छ ।

(ण) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(त) "रुपान्तरण" भन्नाले डिजेल, पेट्रोल, ग्याँसबाट सञ्चालन हुने सवारी साधनलाई विद्युतीयमा र डिजेल पेट्रोलबाट सञ्चालन हुनेलाई ग्याँस वा हाईब्रिडमा रुपान्तरण गरी सञ्चालन माध्यममा परिवर्तन गरी वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गर्ने भन्ने सम्झनु पर्छ ।

(थ) "वातावरणमैत्री सवारी साधन" भन्नाले वैकल्पिक वा नवीकरणीय उर्जाबाट सञ्चालन हुने वा नगरपालिकाले वातावरणमैत्री भनी तोकेको सवारी साधन सम्झनु पर्छ ।

(द) "विद्युतीय सवारी साधन" भन्नाले विद्युतीय प्रसारण लाइन, सोलार वा ब्याट्रीबाट सञ्चालन हुने सवारी साधन सम्झनु पर्छ ।

(ध) "सङ्घीय कानुन" भन्नाले सङ्घीय संसदबाट जारी भएको यातायात व्यवस्थापन सम्बद्ध कानुन सम्झनु पर्छ ।

(न) "संस्था" वा "कम्पनी" भन्नाले प्रचलित कानुन बमोजिम सार्वजनिक यातायात सेवा सञ्चालन गर्न गराउन स्थापित संस्था वा कम्पनी सम्झनु पर्छ ।

(प) "सम्बन्धित निकाय" भन्नाले नगरपालिका क्षेत्र भित्र यातायात व्यवस्थापन सम्बन्धमा काम कारबाही गर्ने नेपाल सरकार तथा प्रदेश सरकार मातहतका कार्यालय, अन्य स्थानीय सरकार, गैरसरकारी सङ्घ संस्था समेत सम्झनु पर्छ ।

(फ) "सार्वजनिक यातायात" भन्नाले सर्वसाधारणका लागि भाडा लिई यात्रा गराउन सञ्चालित बस, ट्रलिबस, ट्राम, मेट्रो तथा मोनोरेल, मिनिबस, माईक्रोबस लगायतका सार्वजनिक यातायातका लागि इजाजत प्राप्त गरी सञ्चालन गरिएका यातायातका साधन सम्झनु पर्छ ।

(ब) "सेवा प्रदायक" भन्नाले सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापित सङ्घ संस्था, कम्पनी वा व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद २
## टिकट सम्बन्धी व्यवस्था

३. **टिकटको प्रयोगः** (१) सार्वजनिक यातायात सञ्चालनमा कागजी र विद्युतीय गरी दुई प्रकारका यात्री टिकटहरु प्रयोग गर्न सकिने छ ।

(२) कागजी टिकटको प्रयोगलाई क्रमशः विद्युतीय टिकटले विस्थापित गर्नु पर्नेछ ।

४. **टिकट अनिवार्य दिनुपर्नेः** (१) सार्वजनिक यातायातका साधनमा चढ्नुभन्दा पहिले वा चढे लगत्तै यात्रीहरुसँग तोकिएको भाडा लिई अनिवार्यरुपमा टिकट दिनुपर्ने दायित्व सम्बन्धित सहचालकको हुनेछ ।

(२) विद्युतीय टिकट रहेको खण्डमा इ-टिकेटिङ्ग लगायतका प्रविधिबाट अग्रिम टिकट खरिद गर्न पाउने व्यवस्था समेत गर्नु पर्नेछ ।

(३) यात्री टिकटको आकार प्रकार तथा टिकटमा उल्लेख गर्नुपर्ने कुराहरु तोकिएबमोजिम हुने छ ।

(४) यात्री टिकटमा धुम्रपान, मद्यपान, सुर्तीजन्य पदार्थ, अश्लील सामग्री तथा सार्वजनिक हित विपरीत हुने सामग्रीको विज्ञापन गर्न पाइने छैन ।

५. **टिकट अनिवार्य लिनुपर्नेः** नगरपालिका क्षेत्रभित्र रुट कायम भई सञ्चालन हुने सार्वजनिक यातायातका साधन प्रयोग गर्ने यात्रीले आफू चढ्ने बस बिसौनीमा वा सवारी साधन चढे लगत्तै निर्धारित भाडा तिरी टिकट लिनु पर्नेछ ।

६. **सहुलियत मूल्यमा टिकट प्रदान गर्नुपर्नेः** (१) सेवा प्रदायकले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, जनआन्दोलनका घाइते, सहिद परिवारका सदस्य, विद्यार्थी तथा अन्य निर्धारित व्यक्तिलाई कानुनले निर्धारण गरेको सहुलियत दरमा टिकट उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सहुलियत दरमा टिकट प्राप्त गर्ने यात्रीले सम्बन्धित निकायबाट जारी भएको परिचयपत्र देखाउनु पर्नेछ ।

## परिच्छेद ३
## सार्वजनिक यातायात सञ्चालन गर्ने संस्था वा कम्पनीको दायित्व

७. **संस्था वा कम्पनीको दायित्वः** (१) सार्वजनिक यातायात सञ्चालन गर्ने संस्था वा कम्पनीको दायित्व देहायबमोजिम हुनेछः

(क) यात्रीहरुलाई निर्धारित बस बिसौनीबाट मात्र चढाउने र ओर्लने (पिक एण्ड ड्रप) व्यवस्था गर्ने,

(ख) यात्रीवर्ग वा सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन मिल्ने व्यवस्था मिलाउने,

(ग) चालक र सहचालकलाई निर्धारित पोशाकको व्यवस्था गर्ने,

(घ) यातायातका साधनहरुको नियमित चेकजाँच गरी मर्मत सम्भार तथा सरसफाई गर्ने/गराउने,

(ङ) सवारी साधन कुन रुटमा चल्ने हो सो सजिलैसँग छुट्याउन सकिने किसिमले रुट नम्बरका अतिरिक्त सवारी साधनमा फरक रंग वा निश्चित चिन्हको प्रयोग गर्ने,

(च) अपाङ्गता भएका व्यक्ति, महिला, अशक्त, बालबालिका, ज्येष्ठ नागरिकहरुलाई निर्धारित आरक्षण सिटको व्यवस्था गर्ने, आरक्षण गरिएको सिट खाली भई अन्य कुनै व्यक्ति बसेको अवस्थामा आरक्षित व्यक्ति प्रवेश गरेमा निजलाई तुरुन्त सिटमा बस्ने व्यवस्था मिलाउने,

(छ) चालक र सहचालकले प्रचलित कानुन बमोजिमको कार्य र आचरण गरे नगरेको सुपरिवेक्षण गर्ने र आवश्यक निर्देशन दिने ।

(ज) प्रत्येक सवारी साधनमा प्राथमिक उपचार सामग्री (फस्ट एड), अग्नि नियन्त्रण उपकरण, फोहर राख्ने भाँडो अनिवार्य रुपमा राख्ने,

(झ) सवारी साधनमा नगरपालिकाको स्वीकृति बेगर विज्ञापन नगर्ने,

(ञ) नगरपालिकाबाट अनुमति वा नवीकरण प्राप्त नगरी नगरपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा सञ्चालन नगर्ने,

(ट) नगरपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा सञ्चालन गर्दा नगरपालिकाबाट निर्धारण भएको भाडादर बमोजिम भाडा लिने व्यवस्था मिलाउने,

(ठ) कार्तिकदेखि माघ मसान्तसम्म बिहान ५.०० बजेदेखि राती ९.०० बजेसम्म र बाँकी अन्य महिनाको हकमा बिहान ५.०० बजेदेखि राती १०.०० बजेसम्म अनिवार्य रुपमा निर्धारित रुटमा सवारी साधन चल्ने व्यवस्था मिलाउने,

(ड) सम्बन्धित निकाय वा नगरपालिकाले समयसमयमा तोकेको मापदण्ड पूरा नभएका साधन नचलाउने,

(ढ) सवारी साधनमा अनिवार्य रुपमा बमन थैली राख्ने,

(ण) नगरपालिकाबाट अनुमतिप्राप्त सक्षम एवं योग्य बर्कसपबाट सवारी साधनको जाँच गराई अद्यावधिक राख्ने,

(त) नगरपालिकाबाट हुने नियमन कार्यमा सहयोग र समन्वय गर्ने,

(थ) नगरपालिकाबाट समयसमयमा तोकेका कार्यहरु गर्ने/गराउने ।

(२) सार्वजनिक यातायात सञ्चालन गर्ने संस्था वा कम्पनीले देहायको कार्य गर्नेतर्फ निर्देशित हुनु पर्नेछः

(क) यात्रीको सुरक्षा व्यवस्था र अनुगमनका लागि सार्वजनिक यातायातका साधनमा सी.सी.टी.भी. क्यामेरा जडान गर्ने/गराउने,

(ख) उच्च प्रविधियुक्त वातावरणमैत्री सवारी साधनको प्रयोग गर्ने,

(ग) सवारी साधनभित्र अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने ह्विलचेयर सजिलै राख्न सकिने व्यवस्था गर्ने,

(घ) यात्रीवर्ग र सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन र सेवा सम्बन्धी जानकारी दिन टोलफ्री-नम्बर, नोटिस बोर्ड सेवा, ईमेल, वाइफाई, सामाजिक सञ्जाल, भ्वाइस लगायतका प्रविधि जडान गर्ने,

(ङ) सार्वजनिक यातायात सेवा सम्बन्धमा मोबाईल र कम्प्युटरबाट सवारी साधनको आगमन तथा रुटहरुको अवस्थिति प्रत्यक्ष देखिने जीपीएस ट्र्याकिङ्ग जडान गरी एप्स प्रयोगमा ल्याउने,

(च) यात्रीहरुको सहजताका लागि दैनिक, साप्ताहिक, मासिक तथा वार्षिकरुपमा मान्य हुने टिकटहरु जारी गर्ने,

(छ) कम्तिमा दस कक्षा उत्तीर्ण गरेका व्यक्तिलाई चालक तथा सहचालकमा नियुक्ति गर्ने,

(ज) खनिज इन्धनका सवारी साधनलाई विद्युतबाट चल्ने वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गर्ने ।

## परिच्छेद ४
## सवारी चालक, सहचालक तथा यात्रीसम्बन्धी व्यवस्था

८. **सवारी चालक:** देहायको योग्यता पुगेको नेपाली नागरिक सार्वजनिक सवारी साधनको चालक हुन योग्य मानिने छः
(क) प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिमको सवारी चालक इजाजत प्राप्त गरेको,
(ख) शारीरिक तथा मानसिकरुपमा स्वस्थ्य रहेको,
(ग) कुनै प्रचलित कानुनले अयोग्य नरहेको ।

९. **सहचालक:** देहायको योग्यता पुगेको नेपाली नागरिक सार्वजनिक सवारी साधनको सहचालक हुन योग्य मानिने छः
(क) प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिमको सहचालक नियुक्ति प्राप्त गरेको,
(ख) शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य रहेको,
(ग) कुनै प्रचलित कानुनले अयोग्य नरहेको ।

१०. **चालक, सहचालक तथा यात्रीलाई प्रशिक्षण:** (१) नगरपालिकाले सार्वजनिक यातायातसँग सम्बन्धित चालक, सहचालक तथा यात्रीहरुलाई सार्वजनिक यातायातसम्बन्धी आधारभूत ज्ञान, सीप, प्रचलित कानुनी व्यवस्था तथा यात्रीसँग गरिने शिष्ट व्यवहार आदि विषयमा प्रशिक्षण दिनेछ ।

(२) उपदफा (१) बमोजिम दिइने प्रशिक्षणमा सार्वजनिक यातायात सम्बन्धी सेवा प्रदायक संस्था वा कम्पनीले आफ्ना चालक तथा सहचालकहरुलाई अनिवार्यरुपमा सहभागी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रशिक्षणमा सहभागी भएका चालक तथा सहचालकहरुलाई नगरपालिकाबाट अनूसूची १ बमोजिमको ढाँचामा परिचयपत्र प्रदान गरिने छ ।

(४) सार्वजनिक सवारी साधन प्रयोग गर्ने यात्री तथा पैदल यात्रीलाई यात्री अनुशासन तथा आचरण सम्बन्धमा सचेतनामूलक प्रशिक्षण दिइने छ ।

## परिच्छेद ५
## कर्तव्य तथा निषेधित कार्य

११. **यात्रीको कर्तव्य:** (१) सार्वजनिक यातायात सेवा प्रयोग गर्ने यात्रीले चालक, सहचालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायातमा यात्रा गर्दा देहायका कार्य गर्नु हुदैंनः

(क) निर्धारित भाडा नतिरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्ने,
(ख) अन्य व्यक्तिका लागि आरक्षित गरिएको सिटमा बस्ने,
(ग) टिकट नलिने वा कुनै सर्तमा निर्धारित दरभन्दा कम दरमा भाडा तिर्ने,
(घ) अमान्य टिकटहरु प्रयोग गरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्ने,
(ङ) म्याद समाप्त भएका परिचयपत्र देखाई भाडा छुटका लागि दाबी गर्ने,
(च) नक्कली परिचयपत्रबाट सुविधा लिन प्रयत्न गर्ने,

(छ) उत्सर्जित फोहरमैला तोकिएको स्थान वा फोहर सङ्कलन गर्न राखिएको भाँडो बाहेक अन्यत्र जथाभावी फाल्ने,

(ज) यातायातको साधन भित्र मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,

(झ) यातायातका साधनमा जडान भएका भौतिक सामग्रीहरुमा क्षति पुऱ्याउने,

(ञ) यातायातका साधनमा अश्लील शब्द तथा चित्र लेख्ने, त्यस्तै प्रकृतिका सामग्रीहरु हेर्ने,

(ट) झगडा गर्ने, डरधाक धम्की दिने,

(ठ) यातायातका साधनमा आगो लगाउने, सिसा फुटाउने,

(ड) यौनजन्य दुर्व्यवहार गर्ने,

(ढ) लागु औषध प्रयोग गर्ने/गराउने वा त्यस्ता कार्य गर्न प्रोत्साहित गर्ने,

(ण) बगली मार्ने वा अन्य चोरी गर्ने,

(त) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

**१२. <u>चालकको कर्तव्यः</u>** (१) सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने चालकले यात्री सहचालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने चालकले देहायका कार्य गर्नु हुदैंनः

(क) निर्धारित पार्किङ्ग स्थल बाहेकका स्थानमा सवारी साधन रोक्ने,

(ख) यात्रीसँग अशिष्ट भाषामा कुरा गर्ने,

(ग) निर्धारित पोशाक नलगाई सवारी साधन चलाउने,

(घ) बस बिसौनीमा निर्धारित समयभन्दा बढी समय सवारी साधन रोक्ने,

(ङ) जेब्रा क्रसिङ्गमा पैदलयात्रीलाई प्राथमिकता नदिने,

(च) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउने,

(छ) सवारी साधनमा अश्लील फोटो टाँस्ने, अश्लील गीत बजाउने,

(ज) जथाभावी पार्किङ्ग गर्ने,

(झ) निर्धारित समयमा निर्धारित रुटमा सवारी साधन चलाउन इन्कार गर्ने,

(ञ) मदिराजन्य र सुर्तीजन्य पदार्थ सेवन गरी सवारी चलाउने,

(ट) यौनजन्य दुर्व्यवहार गर्ने,

(ठ) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

**१३. <u>सहचालकको कर्तव्यः</u>** (१) सार्वजनिक यातायात सेवा सञ्चालनमा संलग्न सहचालकले यात्री, चालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायात सेवा सञ्चालनमा संलग्न सहचालकले देहायका कार्य गर्नु हुदैंनः

(क) यात्रीसँग निर्धारितभन्दा बढी रकम असुल गर्ने,

(ख) टिकट दिन इन्कार गर्ने,

(ग) रकम फिर्ता गर्न आलटाल गर्ने,

(घ) यात्रीसँग अशिष्ट भाषामा कुरा गर्ने,

(ङ) निर्धारित पोशाक नलगाई सार्वजनिक यातायातको साधनमा सहचालकको काम गर्ने,

(च) सवारी साधनमा मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,

(छ) यौनजन्य दुर्व्यवहार गर्ने ,

(ज) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

**१४. पैदल यात्रीको दायित्वः** (१) मानिस हिँड्ने पेटी भएको सडकमा मानिस सो पेटीबाट नै हिँड्नु पर्नेछ। पेटी नभएको सडकमा हिँड्दा सो सडकको किनारातर्फबाट हिँड्ने गर्नु पर्नेछ।

(२) पैदल हिड्ने मानिसले बाटो काट्नुपर्दा जेब्रा-क्रसिङ्ग, सब-वे, ओभरहेड-ब्रिज वा त्यस्तो बाटो काट्नका लागि निर्धारित ठाउँबाट मात्र बाटो काट्नु पर्नेछ।

(३) सडक पेटीमा यात्रा गर्ने पैदल यात्रीले तोकिए बमोजिमको सडक अनुशासन तथा आचारसंहिता पालना गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम यात्रा गर्ने पैदल यात्रीले देहायका कार्य गर्नु हुदैंनः

(क) सवारी साधन गुड्ने प्रयोजनको लागि तोकिएको सडकबाट हिड्ने,

(ख) आफूले उत्सर्जन गरेको फोहोर सडक तथा सार्वजनिक स्थानमा फाल्ने,

(ग) सडक, पेटी तथा वरपरका स्थानहरुमा आवतजावतलाई असर पर्ने गरी अनावश्यक रुपमा भेला हुने, भिडभाड गर्ने, होहल्ला गर्ने तथा प्रचलित कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने/गराउने,

(घ) नगरपालिकाले गर्न नहुने भनी तोकिएका कार्यहरु बाहेक अन्य कार्य गर्न ।

## परिच्छेद ६
## समन्वय तथा अनुगमन सम्बन्धी व्यवस्था

**१५. समन्वय गर्नेः** नगरपालिकाले सहरी सुव्यवस्थापनका लागि सार्वजनिक यातायात प्रणालीमा समयानुकूल स्थानीय नीति तर्जुमा गर्न, नियमन गर्न, एकीकृत यातायात अवधारणा अनूरुप सार्वजनिक यातायात सञ्चालन र व्यवस्थापन गर्न, सार्वजनिक यातायातमा नवीन अवधारणा अवलम्बन गर्न तथा सार्वजनिक यातायात सेवाको गुणस्तर वृद्धि गरी समग्र यातायात सेवा प्रणालीमा प्रभावकारिता वृद्धि गर्न नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, सार्वजनिक यातायात सेवा प्रदायक संस्था तथा कम्पनी, उपभोक्ता हित संरक्षण सम्वद्ध सङ्घ संस्थाहरु, सुरक्षा निकाय, ट्राफिक प्रहरी, आमसञ्चारका क्षेत्र, नागरिक समाज समेतसँग छलफल, अन्तर्क्रिया र परामर्श गरी सरोकारवाला निकायहरु बीचमा समन्वय गर्नेछ।

**१६. अनुगमन समिति सम्बन्धी व्यवस्थाः** (१) सार्वजनिक यातायात सेवा प्रदायकले सर्वसुलभ, गुणस्तरीय र विश्वसनीय सार्वजनिक यातायातको सञ्चालन गरे नगरेको, चालक, सहचालक तथा यात्रीले ऐन बमोजिमको कार्य गरे नगरेको अनुगमन गरी कानुन बमोजिम कारबाही गर्न/गराउन देहाय बमोजिमको समिति गठन हुनेछः

(क) नगरपालिकाको उपप्रमुख -संयोजक

(ख) कार्यपालिका र नगर सभा सदस्य मध्येबाट प्रमुखले तोकेको कम्तिमा एक जना महिला सहित ३ जना -सदस्य

(ग) जिल्ला ट्राफिक प्रहरी प्रमुख -सदस्य

(घ) नगरपालिका नगर प्रहरी प्रमुख -सदस्य

(ङ) प्रमुखले तोकेको नगरपालिकाको कानुन अधिकृत -सदस्य

(च) सार्वजनिक यातायात सेवा प्रदायक संस्था वा कम्पनी मध्येबाट प्रमुखले तोकेको दुई जना व्यक्ति -सदस्य,

(छ) उपभोक्ता हित संरक्षण सम्वद्ध सङ्घ संस्थाहरु मध्येबाट प्रमुखले तोकेको एक जना - सदस्य

(ज) नगरपालिकाको यातायात व्यवस्थापन हेर्ने शाखाको प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (च) र (छ) मा उल्लिखित व्यक्तिको पदावधि तीन वर्षको हुनेछ ।

(३) उपदफा (१) को समितिले जुनसुकै स्थान तथा समयमा सार्वजनिक यातायात सेवाको नियमन गर्न, चेकजाँच गर्न, आवश्यक निर्देशन दिन, आवश्यक कारबाही गर्न तथा नियमित कारबाहीको लागि घुम्ती निरीक्षक तोक्न वा सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

(४) उपदफा (१) मा उल्लेखित पदेन बाहेकका कुनै व्यक्तिको कार्य सन्तोषजनक नलागेमा नगरपालिकाले त्यस्तो व्यक्ति हटाई सम्बन्धित क्षेत्रको अर्को व्यक्तिलाई नियुक्त गर्न/गराउन सक्नेछ ।

(५) उपदफा (१) को समितिले आफूलाई प्राप्त अधिकार नगरपालिकाका अन्य जनप्रतिनिधिहरु, ट्राफिक प्रहरी वा कर्मचारीहरुलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम अधिकार प्राप्त जनप्रतिनिधिहरु वा कर्मचारीहरुले अनुगमन गरी कसैबाट ऐन विपरीतको कार्य भए परिच्छेद ७ बमोजिम सजाय गर्न सक्नेछ ।

(७) उपदफा (१) को समितिले दिएको निर्देशन पालना गर्नु सेवा प्रदायक, चालक, सहचालक, यात्री तथा तोकिएका जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी र घुम्ती निरीक्षकको कर्तव्य हुनेछ ।

(८) उपदफा (१) बमोजिमको अनुगमन समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद ७
## सजाय सम्बन्धी व्यवस्था

**१७. सजायः** (१) देहायको कसूर गर्नेलाई अनुगमन समितिले देहाय बमोजिमको सजाय गर्न सक्नेछः

(क) दफा ७ को उपदफा (१) को खण्ड (क) देखि (ज) सम्मको कार्य नगरी कसूर गर्ने संस्था वा कम्पनीलाई पहिलो पटकको लागि रु.१०००। (एक हजार), दोश्रो पटक रु.२०००। (दुई हजार) र त्यसपछि प्रत्येक पटक रु.५०००। (पाँच हजार) जरिवाना हुनेछ ।

(ख) दफा ७ को उपदफा (१) को खण्ड (झ) देखि (थ) सम्मको कसूर गर्ने संस्था वा कम्पनीलाई पहिलो पटकको लागि रु.१५००। (एक हजार पाँच सय) र दोश्रो पटकदेखि प्रत्येक पटक रु.५०००। (पाँच हजार) का दरले जरिवाना गरी एक हप्ता भित्रमा ऐनको व्यवस्था पालना गर्ने मौका दिनु पर्नेछ । सो अवधिमा पनि ऐनको व्यवस्था पालना नगरेमा यातायात सञ्चालनमा रोक लगाउनु पर्नेछ ।

(ग) दफा ११ को उपदफा (२) को खण्ड (क) देखि (च) सम्मको कसूर गर्ने यात्रीलाई पहिलो पटकको लागि रु.१०००। (एक हजार) र दोश्रो पटकदेखि प्रत्येक रु.२०००। (दुई हजार) जरिवाना हुनेछ ।

(घ) दफा ११ को उपदफा (२) को खण्ड (छ) देखि (ञ) सम्मको कसूर गर्ने यात्रीलाई पहिलो पटकको लागि रु.१०००। (एक हजार) र दोश्रो पटकदेखि प्रत्येक पटक रु.२५००। (दुई हजार पाँच सय) जरिवाना हुनेछ ।

(ङ) दफा ११ को उपदफा (२) को खण्ड (ट) देखि (त) सम्मको कसूर गर्ने यात्रीलाई तत्काल सार्वजनिक यातायातको साधनबाट बाहिर निकाली आवश्यक कारबाहीको लागि नजिकमा रहेको ट्राफिक प्रहरी, नगर प्रहरी वा सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई जिम्मा लगाउनु पर्नेछ । उल्लिखित कसूर गर्ने यात्रीलाई रु.५०००। (पाँच हजार) जरिवाना हुनेछ ।

(च) दफा १२ को उपदफा (२) को खण्ड (क) देखि (ङ) सम्मको कसूर गर्ने चालकलाई पहिलो पटकको लागि रु.१०००। (एक हजार) र दोश्रो पटकदेखि प्रत्येक पटक रु.२०००। (दुई हजार) जरिवाना हुनेछ ।

(छ) दफा १२ को उपदफा (२) को खण्ड (च) देखि (ज) सम्मको कसूर गर्ने चालकलाई पहिलो पटकको लागि रु.१०००। (एक हजार) र दोश्रो पटकदेखि प्रत्येक पटक रु.५०००। (पाँच हजार) जरिवाना हुनेछ ।

(ज) दफा १२ को उपदफा (२) को खण्ड (झ) देखि (ठ) सम्मको कसूर गर्ने चालकलाई पहिलो पटकको लागि रु.१०००। (एक हजार) र दोश्रो पटकमासमेत सोही कसूर गरेमा अनुगमन समितिले सेवाबाट हटाउन सम्बन्धित संस्था वा कम्पनीलाई सिफारिस गरिने छ । अनुगमन समितिले गरेको सिफारिस बमोजिम कारबाही गर्नु सम्बन्धित संस्था वा कम्पनीको कर्तव्य हुनेछ ।

(झ) दफा १३ को उपदफा (२) को खण्ड (क) देखि (घ) सम्मको कसूर गर्ने सहचालकलाई पहिलो पटकको लागि रु.१०००। (एक हजार) र दोश्रो पटकदेखि रु.२०००। (दुई हजार) जरिवाना हुनेछ ।

(ञ) दफा १३ को उपदफा (२) को खण्ड (ङ) देखि (ज) सम्मको कसूर गर्ने सहचालकलाई पहिलो पटकको लागि रु.१५००। (एक हजार पाँच सय ) र दोश्रो पटकमा समेत सोही कसूर गरेमा अनुगमन समितिले सेवाबाट हटाउन सम्बन्धित संस्था वा कम्पनीलाई सिफारिस गरिने छ । अनुगमन समितिले गरेको सिफारिसबमोजिम कारबाही गर्नु सम्बन्धित संस्था वा कम्पनीको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम यातायात सञ्चालनमा रोक लगाउने तथा खण्ड (ज) र खण्ड (ञ) बमोजिमको कारबाही गर्नुअघि त्यस्तो व्यक्तिलाई सुनुवाइको मौका दिनु पर्नेछ ।

(३) यस दफामा लेखिएका व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने कुनै पनि कारबाही गर्न बाधा पुगेको मानिने छैन ।

(४) उपदफा (१) को खण्ड (ङ) बाहेकका सजाय सम्बन्धमा चित्त नबुझ्ने पक्षले सजाय पाएको मितिले पन्ध्र दिन भित्र नगरपालिकाको न्याय प्रशासकमार्फत प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(५) यस दफामा उल्लेखित कसूरका सम्बन्धमा प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

(६) यस परिच्छेद बमोजिम सजाय भएकोमा त्यसको अभिलेख अद्यावधिक गर्नु/गराउनु अनुगमन समितिको कर्तव्य हुनेछ ।

## परिच्छेद ८
## विविध

१८. **यातायात प्रवर्द्धन कोषः** (१) नगरपालिका क्षेत्रभित्रको यातायात सेवालाई प्रभावकारी बनाउन नगरपालिकाले एक छुट्टै यातायात प्रवर्द्धन कोष खडा गर्नेछ । यस कोषमा देहाय बमोजिमका रकम जम्मा हुने छन्:

(क) नगरपालिकाको नगर सभाबाट विनियोजित रकम,

(ख) नेपाल सरकार, प्रदेश सरकारबाट यातायात क्षेत्र प्रवर्द्धनका लागि प्राप्त रकम,

(ग) ऐनबमोजिम जरिवाना बापत सङ्कलन हुने रकम,

(घ) स्वदेशी तथा विदेशी सङ्घ संस्था, व्यक्तिबाट यातायात क्षेत्र प्रवर्द्धनका लागि प्राप्त सहयोग रकम,

(ङ) अन्य ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन गर्न देहाय बमोजिमको एक समिति गठन हुनेछः

(क) दफा १६ बमोजिमको समितिको संयोजक -संयोजक

(ख) प्रमुखले तोकेको कार्यपालिकाको महिला सदस्य -सदस्य

(ग) लेखा प्रमुख वा निजले तोकेको लेखा अधिकृत -सदस्य

(घ) नगर प्रहरी प्रमुख -सदस्य

(ङ) नगरपालिकाको यातायात व्यवस्थापन हेर्ने विभागको प्रमुख -सदस्य सचिव

(३) उपदफा (१) बमोजिमको समितिले कोषको समुचित प्रयोग गरी शहरी यातायात व्यवस्थापन गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले गरेका काम कारबाहीको प्रतिवेदन प्रमुखमार्फत कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१९. **यात्री बीमा सम्बन्धी व्यवस्थाः** सेवा प्रदायक संस्था वा कम्पनीले प्रत्येक यात्रीको प्रचलित कानुनले तोकेबमोजिम बीमा गर्नु पर्नेछ ।

२०. **यातायातको सञ्चालन सम्बन्धी विशेष व्यवस्थाः** नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, सम्वद्ध सङ्घ संस्थाहरुसँग साझेदारी वा संयुक्त व्यवस्थापनमा यातायातको सञ्चालन तथा व्यस्थापन गर्न सक्नेछ ।

२१. **कार्यपालिकाको अधिकारः** (१) प्रचलित कानुन बमोजिमका अन्य अधिकारका अतिरिक्त कार्यपालिकालाई देहायको अधिकार हुनेछः

(क) यातायात व्यवस्थापन सम्बन्धी नीति तर्जुमा गर्ने, आवश्यक मापदण्ड तथा योजना बनाई कार्यान्वयन गर्ने/गराउने,

(ख) नगर क्षेत्रभित्र सार्वजनिक सवारी चल्ने रुट निर्धारण गर्ने, मूल सडक, सहायक सडक र भित्री सडकमा चल्ने यातायात साधनको वर्गीकरण गर्ने, एकतर्फी सडक निर्धारण गर्ने, सवारी साधन निषेधित क्षेत्र घोषणा गर्ने, पार्किङ्ग क्षेत्र निर्धारण गर्ने, रुटमा सवारी चलाउन अनुमति प्रदान गर्ने, नवीकरण गर्ने, भाडादर निर्धारण गर्ने र सोको नियमन गर्ने, सेवाको गुणस्तर कायम गराउने तथा गुणस्तर कायम नगर्ने संस्था वा कम्पनीलाई प्रदान गरिएको रुट चलाउने अनुमति खारेज गर्ने,

(ग) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम-संवेद्य, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना स्वीकृत गरी कार्यान्वयन गराउने,

(घ) छिमेकी स्थानीय सरकारहरुसँग सहकार्य गरी यातायात व्यवस्थापन सम्बन्धमा उपत्यकाको एकीकृत अवधारणा तर्जुमा गर्ने, कार्यान्वयन गर्ने/गराउने,

(ङ) फुटपाथ, साइकल लेन, आकाशेपुल, सब-वे, जेब्रा-क्रस, बस, ट्याक्सी, साइकल पार्किङ्ग स्थलको मापदण्ड बनाउने, कार्यान्वयन गर्ने/गराउने,

(च) ट्राफिक व्यवस्थापनलाई प्रविधिमैत्री बनाउने,

(छ) बर्कसप दर्ता तथा नवीकरणको व्यवस्था मिलाउन लगाउने,

(ज) सडक जोखिम न्यूनीकरण तथा सुरक्षा व्यवस्था मिलाउने,

(झ) सडक सुरक्षा प्रर्वद्धन तथा सुशासन कायम गराउने,

(ञ) खनिज इन्धनका सवारी साधनलाई विद्युत्बाट चल्ने वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गराउने,

(ट) विद्युतीय सवारी साधनको लागि आवश्यक पर्ने चार्जिङ्ग स्टेशन निर्माण तथा व्यवस्थापन गर्न सहयोग तथा समन्वय गर्ने,

(ठ) दिगो यातायात प्रणालीलाई संस्थागत गर्ने विद्युतीय सवारी साधन खरिद गर्ने व्यक्ति, संस्था वा कम्पनीलाई सहुलियत दिने तथा सहुलियतको लागि समन्वय गर्ने ।

(२) कार्यपालिकाले यस दफा बमोजिम आफूलाई प्राप्त अधिकार प्रमुख वा उपप्रमुख वा वडा समितिको सदस्य वा कार्यपालिका अन्तर्गतका समिति वा उपसमिति वा प्रमुख प्रशासकीय अधिकृत वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. **अन्य प्रकारका सवारी साधनलाई समेत लागु हुनेः** यस ऐनमा उल्लेख भएका व्यस्थाहरुमध्ये देहायमा उल्लिखित कार्यहरु सार्वजनिक सवारी साधनका अतिरिक्त अन्य सवारी साधन समेतको हकमा लागु हुनेछः

(क) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन नपाउने,

(ख) सवारी साधनबाट बाहिर फोहर फाल्न नपाइने,

(ग) निर्धारित स्थानबाहेक अन्य स्थानमा पार्किङ्ग गर्न नपाइने,

(घ) निर्धारित मापदण्डभन्दा बढी धुवाँ, धुलो उत्सर्जन गर्न नपाइने,

(च) सवारी साधन सफा र तयारी हालतमा राखी चलाउनुपर्ने,

(छ) निर्धारित अधिकतम गतिभन्दा तीव्र गतिमा सवारी साधन नचलाउने,

(ज) पैदल यात्रीलाई जेब्रा क्रसिङ्गबाट बाटो काट्न प्राथमिकता दिने,

(झ) आकस्मिक सेवामा सञ्चालित यातायातका साधनहरु दमकल, एम्बुलेन्स तथा यस्तै प्रकृतिका सवारी साधनहरु, विशिष्ट व्यक्तिको सवारी, कुटनीतिक सवारी, अत्यावश्यक सेवामा परिचालित यातायातका साधनहरुलाई प्राथमिकता दिने,

(ञ) सवारी साधनमा अनिवार्य रुपमा बमन थैली राख्ने,

(ट) प्रचलित कानुन बमोजिम पालना गर्नु पर्ने अन्य कुरा ।

२३. **विशेष सहुलियत दिन सकिनेः** नगरपालिकाले सहरी बस, बिजुली बस, वातावरणमैत्री बस, केबुल-कार, मोनो-रेल, मेट्रो-रेल जस्ता ठूला यातायातका साधनहरु सञ्चालनमा ल्याउने संस्था वा कम्पनीलाई तोकिएबमोजिम विशेष सहुलियत दिन सक्नेछ ।

२४. **जनचेतना कार्यक्रम गर्न सक्ने:** नगरपालिकाले सार्वजनिक यातायातसँग सम्बन्धित विविध विषयमा आम नागरिक, सार्वजनिक यातायातका साधन प्रयोगकर्ता तथा अन्य सबै सरोकारवालाहरुलाई समेटेर जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

२५. **घरपालुवा पशुपंक्षी छाड्न नहुने:** सार्वजनिक सडक तथा किनाराको क्षेत्रमा घरपालुवा पशुपंक्षी छाड्न हुंदैन ।

तर काबुबाहिरको परिस्थिति परेमा त्यस्ता पशुपंक्षीलाई सवारीमा बाधा नपुग्ने गरी सार्वजनिक स्थानबाट तुरुन्त हटाउनु पर्छ ।

२६. **बाधा-अड्काउ फुकाउने अधिकार:** यस ऐनको कार्यान्वयन गर्दा तत्काल कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ । त्यसरी कार्यपालिकाबाट भएको बाधा अड्काउको व्यवस्था नगर सभामा पेस गरी अनुमोदन गराउनु पर्नेछ ।

२७. **प्रचलित कानुनबमोजिम हुने:** यस ऐनमा उल्लेख नभएका विषयमा प्रचलित सङ्घीय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।

२८. **नियम, निर्देशिका, मापदण्ड बनाउने अधिकार:** कार्यपालिकाकले यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

अनुसूची १
ऐनको दफा १० को उपदफा (३) सँग सम्बन्धित
व्यास नगरपालिका
सार्वजनिक यातायातका चालक/सहचालक
परिचय-पत्र

चालक/सहचालकको नाम, थरः
ठेगानाः
चालक/सहचालक परिचयपत्र नं.:
लाइसेन्स नं.:
सम्पर्क नं.:

...............................
प्रमाणित गर्नेको दस्तखत

आज्ञाले
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत